# माध्यमिक शिक्षा परीक्षा (SEE Supplementary/Upgrade 2019)

**(पुरक/ग्रेडबृद्धि)**

## उत्तरकुञ्जिका - (Marking scheme)

**पूर्णाङ्क:- ७५**

**विषय: शिक्षा**

उत्तरपुस्तिका परीक्षणकुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता मौलिकता आदि हेरी आवश्यकताअनुसार विवेक प्रयोग गरी स्तरअनुसार सहि, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| | **समूह क** | |
|---|---|---|
| १ | सर्वाङगीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ भनि लेखेमा | 1 |
| २ | उत्तर वाल्यअवस्था लेखेमा | 1 |
| ३ | कुनै पनि ज्ञान सिप सिक्नका लागि मानिसको भित्री मन देखि नै उत्सुकता भई आएको जागरणलाई उत्प्रेरणा भनिन्छ भन्ने आशयको उत्तर लेखेमा | 1 |
| ४ | सर्वप्रथम २०२३/२०२४ सालबाट भनि लेखेमा | 1 |
| ५ | थाइल्याण्डको जोम्टेन लेखेमा | 1 |
| ६ | शिक्षक विद्यार्थीविच औपचारिक भेटघाट नभई सिकारु सक्रिय भई ज्ञान हासिल गर्ने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ भनेर लेखेमा<br>विशेषताहरु:<br>- निर्धारित समय, सिकाई पक्षबाट लचिलो हुने<br>- विद्यार्थी सक्रिय भै सिक्ने<br>- नियमित रुपमा औपचारिक रुपमा शिक्षा लिन नसक्नेलाई शिक्षाको अवसरबाट वञ्चित नहुने<br>- सुचना प्रविधीको प्रयोग भई सिकाईमा सहजता हुने जस्ता कुनै मिल्दो चार विशेषता लेखेमा प्रत्येकको १ अंकले ४ अंक दिने<br>- तयार पार्दा ध्यान दिन पर्ने कुराहरु ४ ओटा लेखेमा ४ अंक दिने | 1<br><br><br><br><br><br><br><br><br>4 |
| ७ | - शिक्षाको राष्ट्रिय निति तथा लक्ष्य स्पष्ट हुन सकेको थिएन<br>- शिक्षण गुणस्तर हुन नसक्नु<br>- परम्परागत शिक्षा पद्धति लागु भईरहेको<br>- कोरा कितावी र सैद्धान्तीक ज्ञानमा बढी जोड दिएको<br>- शिक्षा प्रशासन कमजोर हुनु<br>- पाठ्यक्रममा एकरुपता नहुनु जस्ता मिल्ने कुनै ५ कमजोरी लेखेमा प्रत्येकको १ अंककले ५ अंक दिने | 5 |
| ८ | - परिवारको सामाजिक र आर्थिक अवस्था<br>- पारिवारिक शैक्षिक अवस्था<br>- मायाममता र स्नेह<br>- साथी समुहका चालचलन | |

| | | |
|---|---|---|
| | - सिकाई तथा सामाजिकरणका तरिका<br>- उपयुक्त पोषण<br>प्रत्येकको ०.५ अंकले ३ अंक र छोटोकरीमा कुनै एक वर्णन गरेमा २ अंक | 0.5×6=3<br>2 |
| ९ | विद्यार्थीहरुमा निश्चित ज्ञान सिप र धारणाको विकास गराउन विद्यालयले सञ्चालन गर्ने शैक्षिक क्रियाकलापको योजना पाठ्यक्रम हो । यसले राष्ट्रिय उद्देश्य, कक्षागत र विषयगत उद्देश्य हासिल गर्न सहयोग गर्दछ । यी कार्य पुरा गराउनको लागि विषयगत रुपमा पाठ्यपुस्तक निर्माण गरि व्यावहारिक रुपमा पाठ्यक्रममा उद्देश्यहरु हासिल गर्ने प्रयत्न गरिन्छ त्यसको लागि पाठ्यपुस्तक असल हुन्पर्दछ । असल पाठ्यपुस्तकले पाठ्यवस्तुको क्षेत्र, क्रम र स्तरका आधारमा विद्यार्थी हो क्षमता, रुचि र उपलब्धीस्तरलाई समेट्न सकेको हुन्छ भन्ने आशयको उत्तर लेखेमा ५ अंक | 5 |
| १० | पाठसंग सम्बन्धित विषयहरुलाई Youtube मा खोजगरि विद्यार्थी लाई देखाउने<br>Google खोजमा गई परिभाषाहरु पढ्न लगाउने<br>कम्प्युटरको सहायताले प्रोजेक्टर प्रयोग गरि मुख्य बुदा टिपोट गरि देखाउने<br>उपयोगि सुचनाहरु कम्प्युटरमा भण्डारण गरेर Website मा राखि शिक्षण गर्ने<br>डकुमेन्ट्रीहरु, भाषणहरु साथै सम्बन्धित क्षेत्र खोज गरी प्रदर्शन गराई अध्यापन गर्ने भन्ने आशयको उत्तर लेखेमा ५ अंक | 5 |
| ११. | शिक्षकसंग प्राज्ञिक गुणहरु जस्तै षियवस्तुको राम्रो ज्ञान शिक्षण कौशल, बालमनोविज्ञान शिक्षा पद्धतिको ज्ञान, शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान जिज्ञासु र अध्ययनशिल सिकाइ गर्न सक्ने कौसल बुझि सिकाइलाई समयसापेक्ष व्यावहारिक र मनोबैज्ञानिक तरिकाले गर्न सक्दछन भनी कुनै ५ शैक्षिक गुण उल्लेख गरि स्पष्ट पारेमा ५ अंक<br>अथवा<br>विद्यालयमा समुदायका वालवालिका अध्ययन गर्दछन भने विद्यालयले समुदायको आकाक्षा आवश्यकता अनुसार शिक्षा प्रदान गर्दछन । समुदायले विद्यालय स्थापना गरि सामाजिक संस्कार परम्परा सास्कृतिक सम्पदा संरक्षण गरि सामाजिक विकासमा सहयोग पुऱ्याउदछ । विद्यालयलाई आवश्यक पर्ने भौतिक संरचना विकासमा समुदायले सम्बन्ध राम्रो भएमा मात्र गर्ने हुन्छ भन्ने खालको आशयको उत्तर लेखेमा ५ अंक दिने | 5 |
| १२ | - व्यक्तिगत तत्वहरु<br>- मानसिक तत्वहरु<br>- संवेगात्मक तत्वहरु<br>- शिक्षकको व्यक्तित्व<br>- विद्यालय वातावरण<br>- वंशानुगत गुण<br>कुनै ६ ओटा लेखेमा ०.५ ले ३ अंक र कुनै १ को वर्णन गरेमा २ अंक | 0.5×6=3<br>2 |
| १३ | - तालिम प्राप्त शिक्षकले सिकाई प्रकृयालाई सहज र सरल बनाउन सक्दछ<br>- विद्यार्थिको मनोभावना अनुसार सिकाइ प्रकृया गर्न सक्ने हुन्छ<br>- शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा निपूर्णता हुने<br>- शिक्षालाई व्यावहारिक पक्षसंग जोडेर शिक्षण गर्न सक्ने<br>- उपयुक्त शिक्षण विधि र सामग्रीको प्रयोग गर्न सक्ने<br>- समाज र राष्ट्रको वारेमा सोचि असल नागरिक उत्पादन गर्न अनवरत प्रयास गर्दछन् भन्ने आशयको कुनै ५ तर्क लेखेमा प्रत्यकको १ अंकले ५ अंक | 1×5=5 |

| | | |
|---|---|---|
| १४ | – विभिन्न सिकाइ क्षमता भएका विद्यार्थी हुने भएकाले<br>-सामाजिक आर्थिक परिवेश फरकफरक हुने भएकोले<br>-भाषा संस्कृति रहन सहन फरक हुने भएकोले<br>-कक्षाकोठामा प्रकाश, हावा आदान प्रदान सबैतिर एकनास नहुने भएकोले<br>-विद्यार्थी संख्या अनुरुप वनावट उपयुक्त वसाइ गर्नुपर्ने हुनाले<br>कक्षाकोठामा यि माथिका कारणलाई समावेश गरि सिकाईलाई सहज हुनेगरि कक्षाकोठा व्यवस्थापन गर्नु पर्दछ भन्ने आशयको कुनै ५ कारण लेखेमा प्रत्येकको १ अंकले ५ अंक | 1×5=5 |
| १५ | - गाउँपालिकाको शिक्षा योजना निर्माण गर्ने<br>- विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने<br>- विद्यालयको सम्पतिको संरक्षण गर्ने<br>- विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने<br>- विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउन सहयोग गर्ने<br>अथवा<br>- शैक्षिक कार्यक्रमहरुलाई विद्यालय र समुदायस्तरमा प्रभावकारी रुपमा संचालन गर्ने<br>- शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षा कोठामा गरिने शिक्षण सिकाई क्रियाकलापको निरीक्षण गरी पृष्ठपोषण गर्ने<br>- विद्यालयको शैक्षिक प्रशासनिक आर्थिक तथा मानविय साधनहरुको अध्ययन गरी आवश्यकता अनुसार सुधार र विकास गर्न सुझाव निर्देशन तथा सहजीकरण गर्ने<br>- स्रोतकेन्द्र अन्तर्गत शिक्षक तथा वि.व्य.स.का सदस्यहरुको कार्यदक्षता बढाउने तालिम, कार्यशाला, गोष्ठी आदि संचालन गर्ने<br>- श्रोतकेन्द्र तथा समुह विद्यालयहरुको अभिलेख अद्यावधिक राख्ने<br>जस्ता आशय भएको कुनै कार्य लेखेमा प्रत्येकको १ अंकका दरले ५ अंक | 1×5=5 |
| १६ | शिक्षण सिकाई क्रियाकलापलाई व्यवस्थित र उपलब्धिमूलक रुपमा सञ्चालन गर्न र सिकाई प्रकृयालाई सरल र सहज मनोरञ्जनात्मक तवरबाट सिकारुलाई ज्ञान हासिल हुने गरि शिक्षण गर्न भन्ने आशयको उत्तर लेखेमा २ अंक<br>कक्षा ५ को गणित विषयको भिन्न पाठको दैनिक पाठयोजनाको नमुना बनाई प्रस्तुत गरेमा शिर्षक र अन्य सम्बन्धित उपशिर्षकहरु लेखेमा १ अंक<br>विशिष्ट उद्देश्य लेखेमा २ अंक<br>शैक्षिक सामग्री लेखेमा १ अंक<br>शिक्षण सिकाई क्रियाकलाप वर्णन गरेमा २ अंक<br>मुल्याङकनको लागि प्रश्न बनाएमा १ अंक<br>गृहकार्यका लागि गृहकार्य दिएमा १ अंक | 2<br><br>1+2+1<br>+2+1<br>+1=10 |
| १७ | निम्नानुसार विषयगत र वस्तुगत प्रश्नका प्रकार लेखेमा ५अंक<br>लामोउत्तर आउने प्रश्न<br>छोटो उत्तर आउने प्रश्न<br>वस्तुगत प्रश्न<br>वहुवैकल्पिक प्रश्न<br>ठिक वेठिक प्रश्न<br>खाली ठाउ भर्ने प्रश्न<br>प्रत्येकको १/१ वटा उदारहण दिएमा ५ अंक | 5<br><br>1×5=5 |